## सि.एस.आर इनिसीएटीभ

# वित्तिय साक्षरताकालागि विमा सचेतीकरण परियोजना प्रतिवेदन २०८२




परियोजना अवधि १ अगस्ट देखि ३१ अक्टोबर २०२५ सम्म

## पृष्ठभुमि

मानिसहरुले दिन प्रतिदिन आफनो आवश्यकताको लागि वित्तिय कारोवार गरिरहेको हुन्छ । वित्तिय कारोवारलाई विविधिकरण गर्दै सहज र सुरक्षित वित्तिय कारोवारका माध्यमहरु अपनाउन सके जीवन सहज रुपमा अगाढी बढ्न सहयोग पुग्छ । बर्तमान समयमा वित्तिय पहूच भएता पनि वित्तिय सेवाको प्रभावकारी प्रयोग गर्ने जनचेतना अझै पनि धेरै समूदायमा न्युन छ । बैकिङ्ग प्रणाली, बचत, लगानी, कर्जा, विमा, मोवाईल बैकिङ्ग, डिजटिल भुक्तानी जस्ता सेवा वारे जानकारीको अभावका कारण धेरै मानिसहरु आर्थिक निर्णयहरुमा पछि पर्न पुगेका छन् । वित्तिय साक्षरताले व्यक्तिहरुलाई आर्थिक रुपमा सशक्त बनाउने, गरिवी न्युनिकरण गर्ने र दिगो विकासमा टेवा पु¥याउने आधार तयार गर्न सहयोग गर्दछ । समूदायले भोगी रहनु परेका रोग, दुर्घटना, मानविय र प्राकृतिक विपत्तीहरु बाट जोखिम कम गर्न विमा एक महत्वपुर्ण माध्यम हुन्छ भन्ने कुरा सहज रुपमा समूदायका सदस्य सम्म पु¥याउन अझै चुनौती रहेको छ । यही चुनौतीलाई कम गर्न मेटलाईफ र फाया नेपालको साझेदारीमा धनगढी उप महानगर पालिकाका विभिन्न वडामा वित्तिय साक्षरताका लागि विमाको महत्व सम्वन्धि समूदाय सचेतीकरण अभियान संचालन गरियो जसमा १०३ महिला र ५७ पुरुष गरी १६० जना सहभागीहरुको सहभागिता रहेको थियो ।

## कार्यक्रमको उद्देश्य

 समूदायमा वित्तिय साक्षरताको सचेतना बृद्धी गर्ने ।

 बचत लगानी, कर्जा, विमा जस्ता सेवा बारे जानकारी प्रदान गर्ने ।

 जोखिमबाट बच्न, बचत गर्न विमा एक प्रभावकारी माध्यम बारे सचेतिकरण गर्ने ।

## लक्षित समूह

 फाया नेपालको स्वयंसेवक मन्चका सदस्यहरु

 समूदायमा रहेका १८ वर्ष भन्दा माथीका महिला तथा पुरुषहरु (विशेष गरेर १२ कक्षा अध्ययन गरी समुदायमा बसिरहेका युवा युवतीहरु)

 समूदायमा रहेका सामाजिक अगुवा, संघसंस्थामा कार्यरत ब्यक्तीहरु र जन प्रतिनिधिहरु समेत यस कार्यक्रममा लक्षित समूहका रुपमा मानिने छ । वित्तिय साक्षरता तथा विमाको विषयमा चासो राख्ने समूदायका सदस्यहरु

## अपेक्षित परिणाम

समूदायमा वित्तिय साक्षरता अन्र्तगत जोखिम व्यवस्थापनमा विमाको वारेमा चासो वृद्धी भएको हुने

समूदायका सदस्यहरुमा विमाको वारेमा जानकारी भई चासो मा अभिवृद्धी हुनेछ ।

समूदाय तहमा विमा अभिकर्ता बन्न वातावरण तयार हुनेछ ।

## प्रयोग गरिएको विधी

यो कार्यक्रम मेटलाईफ विमा कम्पनी संग सामाजिक उत्तरदायित्व अन्तर्गतको कार्यक्रम अनुसार मेटलाइफ संग फाया नेपालले समन्वयको भुमिका निर्वाह गरेको थियो । पहिलो चरणमा धनगढीमा ४ वटा इभेन्ट अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो । फाया नेपालले सहभागीहरुलाई छनौट गर्ने र अभिमुखिकरण कार्यत्रमको व्यवस्थापन गरेको थियो भने विषयवस्तुमा सहजीकरणका लागि मेटलाईफ धनगढीले व्यवस्था गरेको थियो । यसका लागि मेटलाइफका सुदुपश्चिम श्री केशब भुर्तेलले सहजीकरण गर्नुभएको थियो ।

## कार्यक्षेत्र

धनगढी उप महानगर पालिका वडा नं १४, १८, को समूदाय तहमा र फाया नेपालका स्वयंसेवक मन्चका सदस्यहरुका लागि र धनगढी बजारक्षेत्रका सहभागीका लागि फाया नेपालको हलमा अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो ।



## प्रमुख कृयाकलापहरु

**अभिमुखिकरण १:** पहिलो अभिमुखिकरण फाया स्वयंसेवक मन्चमा आवद्ध स्वयंसेवकहरु र १२ कक्षा उत्तीण गरेका सहभागीहरुको लागि फाया नेपालको हलमा संचालन गरिएको थियो । कार्यक्रमको सुरुवातमा फाया नेपालका कार्यकारी निर्देशक शेर वहादुर बस्नेतले सहभागीहरुलाई स्वागत गर्दै अगाढी वढाउनु भएको थियो । वहाले फाया नेपालको अनुरोधमा मेटलाईफ इन्स्योरेन्सले फायानेपाल संग सामाजीक उत्तरदायित्व अन्त्रगत हाललाई ४ वटा इभेन्टको लागि सम्झौता भएको र पहिलो कार्यक्रम यतै वाट सुरु भएको वारे जानकारी गराउनुका साथै अभिमुखिकरणको उद्देश्यमाथी प्रकास पार्नु भएको थियो भने सहभागीहरु विच एक अर्कामा परिचय पनि गराउनु भएको थियो । कार्यक्रमको दोश्रो चरणमा मेट लाईफका केशव भुर्तेल सरले विमाको परिभाषा, विमाका उद्देश्य, विमा गर्दा हुने फाईदाहरुको वारेमा प्रस्तुतिकरण गर्नु भएको थियो । त्यसै गरी वहाले मेटलाईफको परिचय, स्थापना, मेटलाईफको कार्यप्रकृया, नेपालमा मेटलाईफको स्थापना र काम गर्न सुरु गरेको समय, हाल रहेका शाखाहरु आदीको वारेमा छलफल संचालन गर्नु भएको थियो । त्यसै गरी केशव भुर्तेल सरले विमा अभिकर्ताको वारेमा जानकारी दिनु भएको थियो । यस अभिमुखिकरणमा २४ महिला र १२ पुरुष गरी जम्मा ४० जनाको सहभागिता रहेको थियो ।

**अभिमुखिकरण २:** दोश्रो अभिमुखिकरण धनगढी उपमहानगर पालिका वडा नं १४ मा स्थित जेष्ठ नागरिकको सार्वजनिक भवनमा संचालन भएको थियो जसमा वडा नं १४ भित्रका महिला तथा पुरुषहरुको सहभागिता रहेको थियो । जसमा १८ जना पुरुष र ३९ जना महिलाहरु गरि ५७ जनाको सहभागिता रहेको थियो । कार्यक्रमको सुरुवातमा फाया नेपालका कार्यकारी निर्देशक शेर वहादुर बस्नेतले सहभागीहरुलाई स्वागत गर्दै परिचयात्मक कार्यक्रमबाट अगाढी वढाउनु भएको थियो । वहाले फाया नेपालको अनुरोधमा मेटलाईफ इन्स्योरेन्सले फाया नेपाल संग सामाजीक उत्तरदायित्व अन्त्रगत हाललाई ४ वटा इभेन्टको लागि सम्झौता भएको र वित्तिय साक्षरता भित्र विमाको महत्वको वारेमा सचेतना फैलाउने उद्देश्यले यो कार्यक्रम संचालन गरिएको बताउनु भएको थियो । कार्यक्रमको दोश्रो चरणमा मेट लाईफका केशव भुर्तेल सरले विमाको परिभाषा, विमाका उद्देश्य, विमा गर्दा हुने फाईदाहरुको वारेमा प्रस्तुतिकरण गर्नु भएको थियो । त्यसै गरी वहाले मेटलाईफको परिचय, स्थापना, मेटलाईफको कार्यप्रकृया, नेपालमा मेटलाईफको स्थापना र काम गर्न सुरु गरेको समय, हाल रहेका शाखाहरु आदीको वारेमा छलफल संचालन गर्नु भएको थियो । त्यसै गरी केशव भुर्तेल सरले विमा अभिकर्ताको वारेमा जानकारी दिनु भएको थियो ।


**अभिमुखिकरण ३:** तेश्रो  अभिमुखिकरण फाया नेपालको हलमा संचालन भएको थियो जसमा धनगढी उपमहानगर पालिका वडा नं १,२,३ वडाका स्थानिय  र फाया स्वयंसेवक मन्चमा आवद्ध स्वयंसेवकहरु १७ जना पुरुष र २४ जनागमहिला गरी जम्मा ४१ जनाको सहभागिता रहेको थियो ।  अभिमुखिकरण कार्यक्रम सहभागीहरुलाई स्वागत गर्दै फाया नेपालका कार्यकारी निर्देशक शेर वहादुर बस्नेतले सुरुवात गर्ने भएको थियो । वसहभागीहरुलाई स्वागत गर्दै अगाढी वढाउनु भएको थियो । वहाले फाया नेपालको अनुरोधमा मेटलाईफ इन्स्योरेन्सले फाया नेपाल संग सामाजीक उत्तरदायित्व अन्त्तगत हाललाई ४ वटा इभेन्टको लागि सम्झौता भएको र वित्तिय साक्षरता भित्र विमाको महत्वको वारेमा सचेतना फैलाउने उद्देश्यले यो कार्यक्रम संचालन गरिएको बताउनु भएको थियो । कार्यक्रमको दोश्रो चरणमा मेट लाईफका केशव भुर्तेल सरले विमाको परिभाषा, विमाका उद्देश्य, विमा गर्दा हुने फाईदाहरुको वारेमा प्रस्तुतिकरण गर्नु भएको थियो । त्यसै गरी वहाले मेटलाईफको परिचय, स्थापना, मेटलाईफको कार्यप्रक्रृया, नेपालमा मेटलाईफको स्थापना र काम गर्न सुरु गरेको समय, हाल रहेका शाखाहरु आदीको वारेमा छलफल संचालन गर्नु भएको थियो । त्यसै गरी केशव भुर्तेल सरले विमा अभिकर्ताको वारेमा जानकारी दिनु भएको थियो । यस अभिमुखिकरणमा २४ महिला र १२ पुरुष गरी जम्मा ४० जनाको सहभागिता रहेको थियो ।


**अभिमुखिकरण ४:** चौथो  अभिमुखिकरण धनगढी उपमहानगर पालिका वडा नं १८ फुलवारीमा युवा कल्वको भवनमा संचालन गरिएको थियो । वडामा रहेका  १२ कक्षा उत्रीण गरेका युवा र साकाजिक अगुवाहरुको सहभागितामा संचालन भएको उक्त अभिमुखिकरण कार्यक्रममा १० जना पुरुष र १२ जना महिला गरी जम्मा २२ जनाको सहभागिता रहेको थियो ।  कार्यक्रमको सुरुवातमा फाया नेपालका अमिर कुमार रानाले सहभागीहरुलाई स्वागत गर्दै परिचयात्मक कार्यक्रम अगाढी वढाउनु भएको थियो । वहाले फाया नेपालले यो भन्दा पहिला ३ वटा अभिमुखिकरण सम्पन्न भई यो चौथो अभिमुखिकरण रहेको जानकारी गराउदै  अभिमुखिकरणको उद्देश्यवारे समेत जानकारी गराउनु भएको थियो ।

कार्यक्रमको दोश्रो चरणमा मेट लाईफका केशव भुर्तेल सरले विमाको परिभाषा, विमाका उद्देश्य, विमा गर्दा हुने फाईदाहरुको वारेमा प्रस्तुतिकरण गर्नु भएको थियो । त्यसै गरी वहाले मेटलाईफको परिचय, स्थापना, मेटलाईफको कार्यप्रक्रृया, नेपालमा मेटलाईफको स्थापना र काम गर्न सुरु गरेको समय, हाल रहेका शाखाहरु आदीको वारेमा छलफल संचालन गर्नु भएको थियो । त्यसै गरी केशव भुर्तेल सरले विमा अभिकर्ताको वारेमा जानकारी दिनु भएको थियो । यस अभिमुखिकरणमा २४ महिला र १२ पुरुष गरी जम्मा ४० जनाको सहभागिता रहेको थियो ।

## उपलव्धीहरु

- सहभागीहरुले विमाको परिभाषा, उद्देश्य र महत्ववारे स्पस्ट जानकारी पाई वित्तिय सुरक्षा प्रति सचेतना बढेको ।
- मेटलाईफ विमा कम्पनीको स्थापना, कार्यप्रकृया र शाखा विस्तार सम्वन्धी विस्तृत जानकारीले सहभागीहरुमा संस्थागत वुझाई बढाएको ।
- बिमा अभिकर्ताको भुमिका, जिम्मेवारी, आचार संहिता सम्वन्धी ज्ञान प्राप्त भएपछि सहभागीहरुले विमामा आफनो करिअर अभिवृद्धीको सम्भावना देखेका छन् ।
- कार्यक्रममा सहभागीहरुले विमा गर्दा हुने दीर्घकालिन फाईदा र सुरक्षात्मक पक्षको वारेमा जानकारी पाएका
- आर्थिक व्यवस्थापन र भविष्यको योजना बनाउन बिमाको आवश्यकता वारे सहभागीहरुमा व्यवहारिक चेतना अभिवृद्धी भएको
- अभिमुखिकरण मार्फत सहभागीहरुले आफनो समूदायमा विमा सम्वन्धि जानकार ि प्रवाह गर्ने प्रतिवद्धता जनाएका छन् ।
- अभिमुखिकरणले सहभागीहरुमा आत्मविश्वास, संचार कौशल र विमा क्षेत्र प्रति सकरात्मक दृष्टिकोणको विकास गरेको
- सहभागीहरुले विमा व्यवसायमा नैतिक आचरण र ग्राहक प्रतिको सेवा सुधारका उपायहरु का वारेमा जानकार भए ।




## सिकाई

 अभिमुखिकरण कार्यक्रमलाई बढी भन्दा बढी अन्तकृयात्मक बनाउन सके सहभागीको चासो र सहभागी बढ्ने ।

 स्थानिय स्तरमा विमा जस्ता विषयमा चेतना बढाउन नियमित रुपमा कार्यक्रम संचालन गर्नु पर्ने ।

 कार्यक्रममा विमा गरेर लाभ लिएका व्यत्तिहरुलाई नमूनाको रुपमा प्रस्तुत गर्दा अझ वढी प्रभावकारी हुने

## समस्या तथा चुनौती

 विमा सम्वन्धी विषय केही सहभागीहरुको लागि नयाँ भएका कारण अवधारणगत वुझाईमा भिन्नता

 सहभागीहरुको विमा क्षेत्र प्रतिको प्रारम्भिक रुचि कम भएले उनीहरुलाई सकृय वनाउन समस्या हुनु

 केही ठाउमा विद्युत अवरोधका कारण श्रव्यदृष्य सामाग्रीहरु प्रस्तुत गर्न समस्या भएको ।

 अभिमुखिकरणको समय छोटो भएका कारण सर्व सहभागीहरुको व्यक्तिगत प्रतिवद्धता लिन नसकिएको

## सुझावहरू

 सहभागीहरुको रुचि बढाउन अन्तरक्रियात्मक अभ्यास, समुह छलफल र प्रश्नोत्तर थप गर्ने पर्ने

 सहभागीहरुलाई अभिमुखिकरण संगसंगै विमा सम्वन्धि प्रकाशन वा अध्ययन सामाग्रीहरु पनि उपलव्ध गराउनु पर्ने ।

 अभिमुखिकरण पछि फलो अपका कृयाकलापहरुको पनि योजना वनाएर कार्यान्वयन गर्ने पर्ने ।

## अनुसुची

https://www.facebook.com/share/v/1CmGkrKX6h
https://www.facebook.com/groups/1466736857084751/permalink/2224952211263208/?mibextid=rS40aB7S9Ucbxw6v

**प्रतिवेदक** FAYA NEPAL

**सहयोगी संस्था** MetLife